Website: mosd.sudurpashchim.gov.np
☎ ०९१-५२६५०४
०९१-५२६०५८

# सुदूरपश्चिम प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय

धनगढी, कैलाली

प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०९/२४
पुनः सूचना प्रकाशित मितिः २०८१/१२/०५

## पुनः सूचना प्रकाशन सम्बन्धमा

वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा उद्यम गरी उत्पादन र रोजगारीमा योगदान गरिरहेका उद्यमीहरुलाई उनीहरूको योगदानको कदरस्वरुप पुरस्कृत गरी स्वरोजगारीलाई प्रोत्साहन गर्ने उद्देश्यले प्रदान गरिने सम्मान कार्यक्रमका लागि देहाय बमोजिमको योग्यता पुगेका यस प्रदेशका नागरिकले **"वैदेशिक रोजगारबाट फर्की उद्यम संचालन गरिरहेका उत्कृष्ट उद्यमी सम्मान कार्यविधि,२०८१"** को अनुसूची २ अनुसारको आवेदन फारम भरी खामबन्दी गरी तपसिलमा उल्लेखित कागजात सहित यो सूचना प्रकाशित भएको मितिले सात (सात) दिन (मिति २०८१/१२/११ गते) भित्र उद्यम सञ्चालन गरिरहेको स्थानीय तहमा प्रस्ताव दर्ता गराउन हुन अनुरोध गरिन्छ। आवेदनको फारम र सो सम्बन्धी कार्यविधि यस मन्त्रालयको वेवसाइट mosd.sudurpashchim.gov.np बाट Download गरी हेर्न सकिनेछ र थप जानकारीका लागि फोन नं. ९८४८७७८५५७ (जनक राज भट्ट) मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

| आवश्यक योग्यताः- | पेश गर्नुपर्ने कागजातहरुः- |
|---|---|
| (क) प्रदेशको स्थायी बासिन्दा भएको हुनुपर्ने,<br>(ख) वैदेशिक रोजगारबाट फर्की प्रदेशभित्रै उद्यम गरिरहेको नेपाली नागरिक,<br>(ग) उद्यमी स्वयम् आफैं संचालक भई व्यवसाय दर्ता र संचालन गरेको,<br>(घ) विगत दुई वर्षदेखि निरन्तर रुपमा श्रम तथा उद्यम गरिरहेको,<br>(ङ) नियमित रुपमा सरकारलाई तिर्नुपर्ने कर तिरेको र आफ्नो व्यवसायको लेखापरीक्षण गरेको, र<br>(च) वार्षिक न्यूनतम पाँचलाख रुपैयासम्मको कारोबार गरेको । | (क) अनुसूची-२ बमोजिमको प्रस्ताव,<br>(ख) नागरिकताको प्रतिलिपि,<br>(ग) वैदेशिक रोजगारबाट फर्किएको व्यहोरा खुल्ने कागजात (भिषा र पासपोर्ट)<br>(घ) उद्योग दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>(ङ) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,<br>(च) PAN/VAT दर्ताको प्रतिलिपि,<br>(छ) पछिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन,<br>(ज) विशेष प्राथमिकता समूह खुल्ने निस्सा र<br>(झ) दुई प्रति पासपोर्ट साइजको फोटो र चेकको प्रतिलिपि । |

Email: mosdkailali07@gmail.com

CamScanner

Website: mosd.sudurpashchim.gov.np
०९१-५२६५०४
०९१-५२६०५८

सुदूरपश्चिम प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय
धनगढी, कैलाली

च. नं १३४६ | प.सं. ०८१/८२ | मितिः- २०८१।१२।०५

श्री स्थानीय तह सबै
सुदुरपश्चिम प्रदेश, नेपाल ।

**बिषयः सहयोग गरिदिने सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस मन्त्रालयको चालु आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम वैदेशिक रोजगारबाट फर्की उद्यम संचालन गरिरहेका उद्यमीहरुलाई सम्मान गर्ने कार्यक्रमको लागि मिति २०८०/१२/०५ गतेको प्रकाशित सूचना र कार्यविधि थान १/१यसै पत्रसाथ संलग्न गरी पठाईएको छ । उक्त सूचना तहाँ पालिकावाट सुचना प्रकाशन गरीदिन हुन अनुरोध छ । साथै कार्य विधि २०८१ को दफा ९ वमोजिमको समिति गठन गरी तहाँ पालिकावाट एक जना उद्यमीलाई २०८१/१२/१८ गते भित्र सिफारिस गरी पठाई दिन हुन आदेशानुसार अनुरोध छ ।

कोमल प्रसाद ओझा
वरिष्ठ शाखा अधिकृत

Email: mosdkailali07@gmail.com

CamScanner